मुक्तिनाथ दर्शन सेवा

दैनिक माइक्रोबस छुट्ने समय : बिहान ६:३० बजे



पोखरा साइडसिन सेवा

पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:00 बजे

रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा

रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर



मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.

नागढुंगा, पोखरा-९, फोन नं : 061-589012 544439, 9856051659, 9856034631



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा

कलर भिजिटिङ कार्ड साथै

तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा

सम्पर्क:

०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २७ ❑ अङ्क ५९ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ चैत २ गते सोमबार ❑ 16 Mar. 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-


## ग्यास र पेट्रोलियम पदार्थ आपूर्तिमा समस्या छैन, अनावश्यक स्टक नगर्न प्रशासनको चेतावनी

**पोखरापत्र संवाददाता**
पोखरा, १ चैत



कास्कीमा हाल खाना पकाउने एलपी ग्यास तथा पेट्रोलियम पदार्थको आपूर्तिमा कुनै समस्या नरहेकोले अनावश्यक रुपमा रूपमा भण्डारण नगर्न कास्की प्रशासनले सर्वसाधारणलाई आग्रह गरेको छ।

सम्भावित संकटलाई ध्यानमा राख्दै सतर्कता अपनाउन आग्रह गर्दै जिल्ला प्रशासन कार्यालय कास्कीले अनावश्यकता स्टक नगर्न चेतावनी समेत दिएको हो।

जिल्ला प्रशासन कार्यालय कास्कीमा प्रमुख जिल्ला अधिकारी रुद्रादेवी शर्माको अध्यक्षतामा शनिबार बसेको आपूर्ति समन्वय बैठकले एलपी ग्यास र पेट्रोलियम पदार्थको सहज आपूर्ति व्यवस्थापनका लागि विभिन्न निर्णय गरेको छ। बैठकले बजारमा आपूर्ति र वितरणलाई व्यवस्थित गर्न सम्बन्धित निकायलाई जिम्मेवारी सहितका निर्देशन दिएको कास्कीका सहायक प्रमुख जिल्ला अधिकारी चित्राङ्गत बरालले बताउनु भयो। कास्कीमा पेट्रोलियम पदार्थ तथा एलपी ग्यासको अभाव नभए पनि सम्भावित संकटलाई ध्यानमा राख्दै पूर्वतयारी स्वरूप अनुगमन तथा व्यवस्थापनका काम सुरु गरिएको उहाँले बताउनु भयो। “कसैले आवश्यकता भन्दा बढी ग्यास वा पेट्रोलियम पदार्थ स्टक गरेको पाइएमा नियमानुसार कारबाही हुन्छ,” उहाँले चेतावनी दिनुभयो। बैठकले ग्यास उद्योग तथा विक्रेताले आफूले प्राप्त गरेको र वितरण गरेको ग्यासको परिमाणको दैनिक अभिलेख राखी हरेक दिन जिल्ला प्रशासन कार्यालयमा विवरण पेश गर्नुपर्ने निर्णय गरेको छ। साथै प्रमाणपत्र प्राप्त विक्रेताले मात्र ग्यास बिक्री वितरण गर्न पाउने व्यवस्था पनि कडाइका साथ लागू गरिने प्रमुख जिल्ला अधिकारी शर्माले बताउनु भयो। त्यस्तै, जिल्लामा रहेका ग्यास उद्योगहरूले आफ्नो उद्योगबाट प्रमाणित डिलरहरूको विवरण जिल्ला प्रशासन कार्यालयमा उपलब्ध गराउनुपर्ने तथा अन्य जिल्लाका उद्योगबाट कास्कीमा ग्यास वितरण गर्ने डिलरहरूको विवरण ग्यास विक्रेता संघले प्रशासनलाई उपलब्ध गराउने व्यवस्था मिलाइएको छ। बैठकले ७५ वर्षभन्दा माथिका ज्येष्ठ नागरिक, पूर्ण रूपमा अशक्त तथा अपाङ्गता भएका व्यक्ति र भाडामा बस्ने विद्यार्थीलाई प्राथमिकताका आधारमा न्यूनतम परिमाणमा ग्यास उपलब्ध गराउन विक्रेतालाई आग्रह गरेको छ।

ग्यास उद्योग सञ्चालकहरूले उद्योगबाट वितरण भएको ग्यास उचित रूपमा बिक्री वितरण भए-नभएको, अनावश्यक सञ्चिति वा मूल्यवृद्धि भएको-नभएको विषयमा अनुगमन गर्ने निर्णय पनि गरिएको छ। साथै उद्योग वाणिज्य संघ, चेम्बर अफ कमर्स, उपभोक्ता मञ्च लगायतका निकायले समेत बजारको सूक्ष्म अनुगमन गरी प्रशासन तथा प्रहरीलाई जानकारी गराउने व्यवस्था गरिएको छ। त्यसैगरी नेपाल आयल निगमका निर्णयहरू सबै ग्यास उद्योगहरूले प्रभावकारी रूपमा कार्यान्वयन गर्नुपर्ने, पेट्रोल तथा हवाई डिपोहरूले पेट्रोलियम पदार्थको बिक्री वितरण व्यवस्थित गर्नुपर्ने तथा यसको निरन्तर अनुगमन नेपाल आयल निगम पोखरा डिपोले गर्ने निर्णय गरिएको छ। बैठकले बोतल, जर्किन लगायतमा खुला रूपमा पेट्रोलियम पदार्थ बिक्री वितरण गर्ने कार्यलाई पूर्ण रूपमा निषेध गर्ने निर्णय पनि गरेको छ। यस्तो कार्य गरेको पाइएमा कडा कारबाही गरिने प्रशासनले जनाएको छ। ग्यासको सम्भावित अभावलाई ध्यानमा राख्दै प्रशासनले एलपी ग्यासको विकल्पका रूपमा विद्युतीय चुल्हो प्रयोग गर्न पनि उपभोक्तालाई आग्रह गरेको छ। कास्कीमा हाल गृहलक्ष्मी र शक्ति ग्यासका उद्योग सञ्चालनमा रहे पनि अन्य १२ वटा विभिन्न कम्पनीका ग्यास पनि जिल्लामा भित्रिएकोले त्यसको वास्तविक मौज्दात तथा वितरण अवस्थाको तथ्यांक उपलब्ध गराउन प्रशासनले ग्यास विक्रेता महासंघलाई आग्रह गरेको छ। गण्डकी-धौलागिरी पेट्रोलियम डिलर्स एसोसिएसनका अध्यक्ष मोहन सुवेदीले कास्कीमा हाल पेट्रोलियम पदार्थको आपूर्तिमा कुनै समस्या नभएको भन्दै जोखिमपूर्ण रूपमा बोतल वा जर्किनमा इन्धन नराख्न आग्रह गर्नुभयो। ग्यास विक्रेता महासंघका केन्द्रीय सदस्य नारायणप्रसाद पौडेलले पनि हाल जिल्लामा खाना पकाउने ग्यासको अभाव नरहेको जानकारी दिनुभयो। ग्याँस नपाउदा केहीले धम्की समेत दिन थालेको उहाँले बताउनु भयो।

कार्यक्रममा नागरिक समाजका अगुवा रामबहादुर पौडेल, गृहलक्ष्मी ग्यासका सञ्चालक धर्मराज वतौला, रेवान पोखराका महासचिव विरेन्द्र शेरचन, होटल संघ पोखरा नेपालका कोषाध्यक्ष रमेश पौडेल तथा उद्योग वाणिज्य महासंघ गण्डकीका पूर्व अध्यक्ष संजिवबहादुर कोइरा लालगायतले बजार अनुगमनलाई प्रभावकारी बनाउन र आपूर्ति सहज बनाउन सबै पक्ष सचेत हुनुपर्नेमा जोड दिनु भएको थियो। बैठकमा आयल निगम गगनगौँडा डिपो, ग्यास उद्योग तथा विक्रेता, उद्योगी-व्यवसायी, उद्योग वाणिज्य संघ, चेम्बर अफ कमर्स, उपभोक्ता मञ्च, नागरिक समाज तथा सञ्चारकर्मीको सहभागिता रहेको थियो।

## पेट्रोलियम पदार्थको मूल्य वद्धि

**रासस**
काठमाडौं, १ चैत

नेपाल आयल निगम लिमिटेडले पेट्रोलियम पदार्थको मूल्य वद्धि गरेको छ।

अन्तरराष्ट्रिय बजारमा भएको मूल्य वृद्धि तथा आपूर्ति व्यवस्थापनको दबाबलाई कारण देखाउँदै नेपाल आयल निगमले पेट्रोल, डिजेल तथा मट्टीतेलको खुद्रा बिक्री मूल्य वृद्धि भएको जनाएको छ। निगमका अनुसार नयाँ मूल्य लागू हुने गरी समायोजन गरिएको छ। मूल्य समायोजनपछि पेट्रोलमा प्रतिलिटर रु ३१, डिजेलमा प्रतिलिटर रु ५४ तथा खाना पकाउने एलपि ग्यासमा रु २१६ वृद्धि गरिएको छ। सो मूल्य वृद्धि भएसँगै अब पेट्रोल प्रतिलिटर रु १८८, डिजेल रु १९६ र एलपि ग्यास प्रति सिलिन्डर रु दुई हजार १२६ रुपैयाँ कायम भएको छ।

अन्तरराष्ट्रिय बजारमा बढेको मूल्यका आधारमा उक्त कम्पनीबाट प्राप्त नयाँ मूल्यसूचीअनुसार नेपालमा मूल्य समायोजन गर्नुपरेको निगमले जनाएको छ।

## दुर्घटनामा मृत्यु भएका सात भारतीयको शव दूतावासलाई बुझाइयो

**पोखरापत्र संवाददाता**
गोरखा, १ चैत

गोरखामा भएको सवारी दुर्घटनामा मृत्यु भएका सात भारतीय नागरिकको शव भारतीय दूतावासलाई हस्तान्तरण गरिएको छ। शव परीक्षण कार्य सकेर आइतबार ती शव दूतावासका प्रतिनिधिलाई बुझाइएको हो।

प्रदेश अस्पताल गोरखामा शव परीक्षण गरेपछि दूतावासबाट आएका प्रतिनिधिलाई हस्तान्तरण गरिएको प्रहरी निरीक्षक राजन लम्सालले जानकारी दिनुभयो। शव बुझेपछि भारतीय दूतावासको टोली काठमाडौँ फर्किएको छ।

भारतको तमिलनाडू राज्यको चेन्नईबाट मनकामना दर्शन गर्न आएका भारतीय दर्शनार्थी शनिबार बेलुका पूजाआजा सकेर फर्कने क्रममा सहिद लखन गाउँपालिका-३ कानटार नजिकै दुर्घटनामा परेका थिए। बाग्मती प्रदेश १-००६ख८४३० नम्बरको माइक्रो बस भिरबाट खस्दा ५८ वर्षीय मुतु कुमार, ५८ वर्षीय अनामलिक, ५९ वर्षीया मीनाक्षी, ५३ वर्षीया शिवगामी, ५७ वर्षीया विजायल, ५८ वर्षीया मीना र ६० वर्षीया तमिलारशीको घटनास्थलमै मृत्यु भएको थियो।

उक्त दुर्घटनामा नौ भारतीय नागरिक घाइते भएका थिए। घाइतेहरू पुरानो मेडिकल कलेज चितवनमा उपचाररत छन्। पाँच जना गम्भीर घाइते रहेको सहायक प्रमुख जिल्ला अधिकारी नेत्रप्रसाद शर्माले जानकारी दिनुभयो। उक्त माइक्रोबसमा ११ महिला र पाँच पुरुष सवार थिए। चालकको अवस्था सामान्य छ भने सहचालक घाइते भएका छन्। चौबीस भारतीय दर्शथार्नी दुई माइक्रोबस चढेर मुक्तिनाथको दर्शन गर्न गएका थिए। उनीहरू मुक्तिनाथ हुँदै मनकामनाको दर्शन गरी फर्किने क्रममा दुर्घटनामा परेका जिल्ला प्रहरी कार्यालयले जनाएको छ। सात भारतीय तीर्थयात्रीको ज्यान जाने गरी गोरखामा भएको सवारी दुर्घटनाको छानबिन गर्न समिति गठन गरिएको छ। गण्डकी प्रदेश प्रहरी कार्यालयले प्रदेश ट्राफिक प्रमुख प्रहरी उपरीक्षक दानबहादुर थापाको संयोजकत्वमा पाँच सदस्यीय छानबिन समिति गठन गरेको जिल्ला प्रहरी कार्यालयका प्रहरी उपरीक्षक भरत विकले जानकारी दिनुभयो।

समितिले १४ भारतीय तीर्थयात्री बोकेको माइक्रो बस दुर्घटना भएको विषयमा स्थलगत अध्ययन गरी प्रतिवेदन तयार गर्नेछ। सो माइक्रोबस मनकामना-आँबुखैरेनी सडक खण्डअन्तर्गत सहिद लखन गाउँपालिका-३ कान्टार नजिक भिरबाट खसेर दुर्घटना भएको थियो। सो दुर्घटनामा मनकामनाको पूजाआजा गरी फर्केका तमिलनाडु राज्य, चेन्नईका सात जनाको घटनास्थलमा नै मृत्यु भएको थियो। मृतकहरूको प्रदेश अस्पताल गोरखामा शवपरीक्षण गरी शव भारतीय दूतावासलाई जिम्मा लगाइएको प्रहरीले जनाएको छ।

## कांग्रेसद्वारा समानुपातिकतर्फ १५ महिलासहित २० जनाको नाम सिफारिस

**रासस**
काठमाडौं, १ चैत

नेपाली कांग्रेसले समानुपातिकतर्फ १५ महिलासहित २० जनाको नाम निर्वाचन आयोगमा सिफारिस गरेको छ।

पार्टीको केन्द्रीय कार्यसम्पादन समितिको आइतबार बसेको बैठकले निर्वाचन आयोगको बन्दसूचीमा समावेश भएका नाममध्येबाट आदिवासी जनजाति र खसआर्यतर्फ छ/छ, थारुमा एक, दलित र मधेसीमा तीन/तीन र मुस्लिममा एक जनाको नाम आयोगमा पठाउने निर्णय भएको पार्टी प्रवक्ता देवराज चालिसेले जानकारी दिनुभयो। “हाम्रो पार्टीले प्राप्त गरेको २० सिटका आधारमा नाम टुङ्ग्याएका छौँ, राष्ट्रियसभा र प्रतिनिधिसभामा गरी हाम्रो सिट ६२ रहेको छ, जसअनुसार २१ जना महिला अनिवार्य छ। यस आधारमा हाल १५ जना महिलासहित नामावली पठाएका छौँ। क्लस्टरमा तलमाथि परेमा आयोगले भनेअनुसार गर्नेछौँ”, उहाँले भन्नुभयो। पार्टी सभापति गगनकुमार थापाको सभापतित्वमा भएको बैठकमा उपसभापतिद्वय विश्वप्रकाश शर्मा र पुष्पा भुसाल, महामन्त्रीद्वय प्रदीप पौडेल र गुरुराज घिमिरेसहितको सहभागिता रहेको थियो।

बेठकमा सहमहामन्त्रीहरू बहादुरसिंह लामा, कर्णबहादुर बुढा, योगेन्द्र चौधरी, उदयशम्शेर राणा र प्रकाश रसाइली स्नेही र सदस्यहरू ओमकारप्रसाद श्रेष्ठ, अमृत अर्याल, डा गोपाल दहित, राजेन्द्रकुमार केसी र प्रवक्ता चालिसेले आआफ्नो धारणा राख्नुभएको थियो।

## घूस लिएको आरोपमा राजस्व अनुसन्धान विभागका पूर्वमहानिर्देशकविरुद्ध मुद्दा दायर

**रासस**
काठमाडौं, १ चैत

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले राजस्व अनुसन्धान विभागका तत्कालीन महानिर्देशक झलकराम अधिकारीविरुद्ध घूस लिई सम्पत्ति शुद्धिकरण गरेको आरोपमा विशेष अदालतमा आरोपपत्र दायर गरेको छ।

आयोगले आइतबार जारी गरेको प्रेस विज्ञप्तिअनुसार विभागमा राजस्व चुहावटसम्बन्धी छानबिनमा संलग्न रहँदा अधिकारीले एक व्यवसायीबाट ठूलो रकम घूस लिएको र उक्त रकम विभिन्न माध्यम प्रयोग गरी शुद्धिकरण गरेको निष्कर्षसहित मुद्दा दायर गरिएको हो। अधिकारीले राजस्व अनुसन्धान विभागमा दर्ता रहेको राजस्व चुहावटसम्बन्धी छानबिन तथा अन्य सम्भावित कसुरबाट बचाउन सहजीकरण गरिदिने नाममा एच के इन्टरप्राइजेज प्रालिका सञ्चालक श्रीकृष्ण श्रेष्ठ बिज्यूबाट घूस लिएको अनुसन्धानबाट खुलेको आयोगले जनाएको छ। अधिकारीले रु ७० लाख घूस/रिसवत लिएको आयोगको ठहर छ।

अनुसन्धानका क्रममा अधिकारीले प्राप्त घूस रकम प्रत्यक्ष रूपमा प्रयोग नगरी विभिन्न व्यक्तिसँगको मिलेमतोमा बैङ्क खातामार्फत घुमाएर प्रयोग गरेको पाइएको आयोगले जनाएको छ। निजले विकास चापागाईं, देवेन्द्र केसी र रवीन्द्र लामिछानेलगायतसँगको सल्लाह तथा मिलेमतोमा रकम विभिन्न बैङ्क खातामा जम्मा गराई त्यसलाई तहीकरण गर्दै घूसको स्वरूप परिवर्तन गर्ने प्रयास गरेका आयोगले उल्लेख गरेको छ। उक्त रकम ग्लोबल आइएमई बैङ्क, लुम्बिनी विकास बैङ्क र लक्ष्मी सनराइज बैङ्कलगायतका बैङ्क तथा वित्तीय संस्थामा रहेको खातामार्फत जम्मा गराई चरणबद्ध रूपमा कारोबार गरिएको जनाइएको छ। यसरी विभिन्न खातामार्फत रकम घुमाएर स्रोत लुकाउने तथा घूस रकमलाई वैध देखाउने प्रयास गरिएको आयोगको दाबी छ। अनुसन्धानबाट उक्त रकमको केही भाग मध्यपुर थिमी नगरपालिकास्थित दिव्यश्वरी आयोजना क्षेत्रभित्र रहेको जग्गा खरिदमा प्रयोग गरिएको पनि खुलेको छ। भक्तपुर जिल्लाको साबिक वडा नं १७ (हाल वडा नं २) मा पर्ने कित्ता नं ९९८ को करिब १६४ वर्गमिटर क्षेत्रफल भएको जग्गा खरिदका लागि उक्त रकम प्रयोग गरिएको तथ्य पुष्टि भएको आयोगले जनाएको छ। यस्तै, अनुसन्धानका क्रममा घूस रकमको केही अंश देवेन्द्र


**बाँकी अन्तिम पृष्ठमा ▶▶**



सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर, पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस्।

हिमालय अफसेट प्रेस

नयाँबजार, पोखरा

फोन नं. : ०६१-५७०६५१

# बन्दीपुरमा पहिलो पटक प्रदेशस्तरीय होमस्टे मार्ट हुने, सहभागिताका लागि आवेदन खुला

पोखरापत्र संवाददाता
पोखरा, १ चैत

तनहुँको पर्यटकीय गाउँ बन्दीपुरमा ग्रामीण पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यसहित पहिलो पटक प्रदेशस्तरीय होमस्टे मार्ट आयोजना हुने भएको छ । आगामी वैशाख १८ र १९ गते हुने उक्त कार्यक्रममा सहभागी हुन चाहने गण्डकी प्रदेशका होमस्टे, फार्मस्टे तथा पर्यटनसँग सम्बन्धित संस्थाहरूलाई आवेदन दिन हाल आह्वान गरिएको छ।

नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेश र बन्दीपुर गाउँपालिकाको संयुक्त आयोजनामा तथा गाउँ पर्यटन प्रवर्द्धन मञ्च नेपाल (भिटोफ) गण्डकी प्रदेशको सह-आयोजनामा उक्त कार्यक्रम हुने तयारी गरिएको हो।

मार्टमा सहभागी हुन इच्छुक संस्थाहरूले यही चैत १५ गतेभित्र आवश्यक कागजातसहित आवेदन दिनुपर्ने व्यवस्था गरिएको बन्दीपुर गाउँपालिकाले जनाएको छ । नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेश कार्यालयमा प्रत्यक्ष बुझाउन वा इमेलमार्फत आवेदन पठाउन सकिने भएको छ।

आवेदनका लागि संस्था, फर्म वा कम्पनी दर्ता प्रमाणपत्र (नवीकरणसहित), स्थायी लेखा नम्बर (प्यान) प्रमाणपत्र तथा



आर्थिक वर्ष ०८१/०८२ को कर चुक्ता प्रमाणपत्र अनिवार्य गरिएको छ । नयाँ दर्ता भएका संस्थाको हकमा भने कर चुक्ता प्रमाणपत्र आवश्यक नपर्ने जनाइएको छ।

नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेश कार्यालयका प्रमुख मणिराज लामिछानेका अनुसार यसपटकको गाउँ पर्यटन मार्ट विशेष महत्वको रहनेछ। उनका अनुसार विगत तीन वर्ष लगातार एयपजबचब मा आयोजना हुँदै आएको कार्यक्रम पहिलो पटक पोखरा बाहिर ग्रामीण पर्यटन गन्तव्य बन्दीपुरमा आयोजना गर्न लागिएको हो । मार्टमा गण्डकी प्रदेशका विभिन्न जिल्लाबाट सञ्चालनमा रहेका सामुदायिक होमस्टे, पर्यटकीय कृषि फार्म (फार्मस्टे), पर्यटन व्यवसायी तथा गैरसरकारी संस्थाहरू सहभागी हुने अपेक्षा गरिएको छ। यसले ग्रामीण पर्यटन, होमस्टे सञ्चालन र स्थानीय उत्पादनको प्रवर्द्धनमा सहयोग पुग्ने बन्दीपुर गाउँपालिकाका अध्यक्ष कमल बहादुर केसीले विश्वास व्यक्त गरे । बन्दीपुरमा सञ्चालन भइरहेको ग्रीमण पर्यटन बन्दीपुर भ्रमण बर्ष २०२६ लाई समेत थप प्रभावकारी बनाउने लक्ष्यसहित मार्ट आयोजना गर्न लागिएको उनले जनाए । बन्दीपुर क्षेत्रमा सञ्चालित होमस्टे तथा ग्रामीण पर्यटन गतिविधिको प्रवर्द्धन गर्दै पर्यटक बसाइ अवधि बढाउने लक्ष्य पनि यस कार्यक्रमले सहयोग पुऱ्याउने अपेक्षा गरिएको छ । अध्यक्ष केसीले बन्दीपुर भ्रमण बर्ष २०२५ मा ५ लाख पर्यटक भित्राउने लक्ष्य रहेकोमा ६ लाख २५ हजार पर्यटक भित्रिएको दाबी गर्दै यस बर्ष ग्रामिण पर्यटन बन्दीपुर भ्रमण बर्ष २०२६ मा ७ लाख पर्यटक भित्राउने लक्ष्य रहेको बताए।

गण्डकी प्रदेशका ११ जिल्लामध्ये प्रत्येक जिल्लाबाट कम्तीमा दुई वटा होमस्टे सहभागी गराउने योजना रहेको गाउँ पर्यटन प्रवर्द्धन मञ्च नेपाल (भिटोफ) गण्डकी प्रदेशकी अध्यक्ष शोभा सापकोटाले बताइन् । यसअघि पोखरामा आयोजना भएको संस्करणमा गण्डकी प्रदेशका २८ वटा होमस्टे र विभिन्न पर्यटन गन्तव्यहरूको सहभागिता रहेको थियो । मार्टमा गण्डकी प्रदेशका विभिन्न जिल्लाबाट करिब ३० वटा होमस्टे सहभागी गराउने तयारी गरिएको छ । कार्यक्रम सफल बनाउन स्थानीय पर्यटन सरोकारवालासहित विभिन्न निकायबीच प्रारम्भिक तयार ीसम्बन्धी छलफल समेत सम्पन्न भइसकेको जनाइएको छ।

बन्दीपुर क्षेत्रमा ७ वटा व्यवसायीक होमस्टे रहेका छन् । अर्गानीक खाना, रैथाने अन्नवाली, परम्परागत कला संस्कृतिको समेत प्रबर्द्धन एवं संरक्षण गर्न उक्त भ्रमण बर्ष आयोजना गरिएको बताइन्छ ।

# पोखरामा रात्रि दौड प्रतियोगिता सञ्चालन हुने

पोखरापत्र संवाददाता
पोखरा, १ चैत

यही चैत २८ गते पोखरामा रात्रि दौड प्रतियोगिता-२०८३ को आयोजना हुने भएको छ । नयाँ वर्ष २०८३ को पूर्व सन्ध्यामा पोखरा महानगरपालिका वडा नम्बर ९ को समन्वयमा पोखरामा पहिलो पटक हुन लागेको रात्रि दौड प्रतियोगिता सञ्चालन हुन लागेको हो।

प्रतियोगितामा खुलातर्फ प्रथम हुनेलाई १५ हजार, द्वितीय हुनेलाई १० हजार र तृतीय हुनेलाई पाँच हजार रुपैयाँ नगद, मेडल तथा प्रमाणपत्र प्रदान गरिने जनाइएको छ । त्यस्तै महिला, विद्यार्थी (यू-१६) र विदेशी सहभागीका लागि छुट्टाछुट्टै विधाका विजेतालाईसमेत प्रोत्साहन पुरस्कार प्रदान गरिने भएको छ।

खेल पर्यटनका माध्यमबाट पोखराको पर्वद्धनका लागि क्रियाशील रहेका दुई संस्था पोखरा क्लिक र पोखरा पर्वद्धन केन्द्रको संयुक्त आयोजनामा उक्त दौड प्रतियोगिता सञ्चालन हुन लागेको केन्द्रका सचिव सागर




सुनारले जानकारी दिनुभयो।

पोखरा क्लिकले यसअघि पुम्दी-भुम्दी पर्वतीय दौड प्रतियोगिताका दुई संस्करण सफलतापूर्वक सम्पन्न गरिसकेको छ। अङ्ग्रेजी नयाँ वर्षलाई लक्षित पर्यटन पवर्द्धनात्मक कार्यक्रमका तुलनामा नेपाली नयाँ वर्षमा सो प्रकृतिका कार्यक्रम कम हुँदै आएकाले "जाग्छ पोखरा, दौडाउँछ पोखरा" भन्ने अवधारणामा रात्रि दौड आयोजना गर्न लागिएको पोखरा प्रवर्द्धन केन्द्रका उपाध्यक्ष असफल गौतम बताउँछन्।

पाँच किलोमिटर दूरीको उक्त दौड बाराही घाटबाट सुरु भई लेकसाइड, पोखराका प्रमुख नगरी क्षेत्र, न्यूरोड, महेन्द्रपुल हुँदै झण्डा पार्क (फल्चा) मा पुगेर सम्पन्न हुनेछ । रात्रिकालीन दौडमार्फत् पोखराको पर्यटन, सांस्कृतिक सौन्दर्य र खेलकुद गतिविधिलाई एकैसाथ प्रवर्द्धन गरी पर्यटकीय राजधानी पोखरालाई खेल पर्यटनको प्रमुख गन्तव्यका रूपमा स्थापित गर्ने लक्ष्य आयोजक संस्थाको रहेको । स्थानीय व्यवसाय र पर्यटन क्षेत्रलाई सक्रिय बनाउँदै नयाँ वर्षको अवसरमा युवा र सर्वसाधारणलाई खेलकुद गतिविधिमा सहभागी गराउने लक्ष्य रहेको उक्त प्रतियोगिता सञ्चालनका लागि पोखरा महानगरपालिका, वडा कार्यालय, सुरक्षा निकाय तथा पर्यटन र खेलकुदसँग सम्बन्धित विभिन्न संघ-संस्थासँग सहकार्य गरिने भएको छ।

सम्पूर्ण सरोकारवालाको सहकार्यमा पोखरा रात्रि दौड प्रतियोगिता-२०८३ लाई सुरक्षित, आकर्षक र सफल रूपमा सम्पन्न गर्न प्रतियोगितामा धावकहरूको सुरक्षा, स्वास्थ्य सेवा र ट्राफिक व्यवस्थापनलाई विशेष प्राथमिकता दिइनेसमेत जनाइएको छ।

# कार्यसम्पादन मूल्याङ्कनमा कालीगण्डकी पहिलो

पोखरापत्र संवाददाता
स्याङ्जा, १ चैत

जिल्लाका ११ स्थानीय तहमध्ये कार्यसम्पादन मूल्याङ्कनमा कालीगण्डकी गाउँपालिका पहिलो भएको छ। राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोगले हालै सार्वजनिक गरेको अन्तिम नतिजामा कालीगण्डकी गाउँपालिका ७८ दशमलब १९ अंक प्राप्त गर्दै जिल्लामै पहिलो भएको हो।

आर्थिक वर्ष २०८३/०८४ का लागि आयोगको सिफारिसमा संघीय सरकारले स्थानीय तहलाई उपलब्ध गराउने वित्तीय समानीकरण अनुदान रकम कार्यसम्पादन मुल्यांकनका आधारमा दिइन्छ । कालीगण्डकी गाउँपालिका पहिलो हुँदा प्राप्त अंकका आधारमा वालिङ नगरपालिका ७६ दशमलब ३१ अंक ल्याएर जिल्लामै दोस्रो भएको छ। त्यसैगरी फेदीखोला गाउँपालिका ७६ दशमलब १ अंक ल्याएर जिल्लामा तेस्रो हुँदा पुतलीबजार नगरपालिका ७५ दशमलब २९ अंक प्राप्त गर्दै चौथो भएको छ। अर्जुनचौपारी गाउँपालिका ७४ दशमलब ६८ अंक ल्याएर पाँचौ हुँदा बिरुवा गाउँपालिका ७४ दशमलब ६७ अंक प्राप्त गरेर छैटौं स्थानमा रहेको छ। उता आँधीखोला गाउँपालिका ७२ दशमलब ८२ अंकसहित सातौं हुँदा भीरकोट नगरपालिका ६७ दशमलब १९ अंक ल्याएर आठौं स्थानमा रहेको छ । नवौं स्थानमा रहेको गल्याङ नगरपालिकाले ६६ दशमलब ६४ अंक ल्याउँदा चापाकोट नगरपालिका ५१ दशमलब ६७ अंक प्राप्त गर्दै दशौं स्थानमा रहेको छ। कार्यसम्पादनमा सधैजसो पछाडी रहने हरिनाश गाउँपालिका ४९ दशमलब १९ अंक ल्याएर जिल्लाको एघारौं तथा पुछारको पालिका बनेको छ।

आयोगले यसअघि प्रकाशित गरेको प्रारम्भिक नतिजामा पनि कालीगण्डकीले ७८ दशमलब १९ अंक ल्याएर जिल्लामै पहिलो भएको थियो । ७६ अंक ल्याएको वालिङ नगरपालिका दोस्रो स्थानमै थियो भने फेदीखोला गाउँपालिकाले ७६ दशमलब ०२ अंक ल्याएर तेस्रो हुँदा पुतलीबजार नगरपालिका ७५ दशमलब ३१ अंक ल्याएर



चौथो स्थानमै थियो । यसअघिको नतिजामा ६९ दशमलब ६९ अंक ल्याएको अर्जुनचौपारीले पछिल्लो नतिजामा ७४ दशमलब ६८ अंक ल्याएर सुधार गरेको छ।

बिरुवा गाउँपालिकाको ७४ दशमलब ६८ अंक हुँदा आँधीखोला गाउँपालिकाको ७२ दशमलब ८३ अंक थियो। भीरकोट नगरपालिकाको ६७ दशमलब २१ अंक हुँदा गल्याङ नगरपालिकाले ६१ दशमलब ६६ ल्याएको थियो । चापाकोट नगरपालिकाले ५१ दशमलब ७० र हरिनास गाउँपालिकाले ४९ दशमलब २० प्रतिशत अंक प्राप्त गरेका थिए । वित्त आयोगले प्रदेश तथा स्थानीय तहको कार्यसम्पादन मुल्याङ्कन कार्यविधि, २०७८ अनुसार विभिन्न १७ सूचकको आधारमा १०० पूर्णाङ्कलाई आधार मानेर मुल्याङ्कन गर्दै आएको छ।

त्यहि मुल्यांकनका आधारमा अनुदानको बजेट विनियोजन गर्ने गरिएको आयोगले जनाएको छ। आयोगका अनुसार १० असारभित्र बजेट पेस गरे/नगरेको, असार मसान्तभित्र बजेट पारित गरे/नगरेको, प्रदेश सरकारलाई दिनुपर्ने ४० प्रतिशत रकम पुस मसान्तभित्र प्रदेश सन्चित कोषमा जम्मा गरे/नगरेको, आयव्ययको प्रक्षेपण पुस मसान्तभित्र अर्थ मन्त्रालयमा पेस गरे/नगरेको, बजेटको वार्षिक समीक्षा गरी कात्तिक मसान्तभित्र सार्वजनिक गरे/नगरेको लगायतका विवरणलाई आधार मानेर मुल्यांकन गरिन्छ।

# पुष्करिणी परोपकार गोकुलधाममा चैत २ देखि श्रीमद् भागवत ज्ञान महायज्ञ

पोखरापत्र संवाददाता
बागलुङ, १ चैत

पोखरामा सडकमा छाडिएका गाई-वस्तुको संरक्षण तथा सडक दुर्घटना न्यूनीकरणमा महत्वपूर्ण भूमिका खेलेको पुष्करिणी परोपकार गोकुलधामले तेस्रो वार्षिकोत्सवको अवसरमा श्रीमद् भागवत ज्ञान महायज्ञ आयोजना गर्ने भएको छ।

पोखरा महानगरपालिका-१४ बाच्छीबुडुवामा रहेको गोकुलधाम परिसरमा चैत २ गतेदेखि महायज्ञ सञ्चालन गरिने जानकारी शनिबार आयोजित पत्रकार सम्मेलनमा जानकारी गराइएको हो । कार्यक्रमबारे जानकारी दिँदै उत्तः परियोजवानका परिकल्पनाकार एवं भागवत भाष्कर कमलनयन गौतमले महायज्ञमार्फत सङ्कलित सहयोग र दान रकम गौशालामा रहेका गाई-वस्तुको संरक्षण, पालनपोषण तथा गोकुलधामको पूर्वाधार विकासमा खर्च गरिने बताउनु भयो। पोखरा महानगरपालिकाको सहयोग र राष्ट्रिय परोपकार



महासंघ नेपालको व्यवस्थापनमा सञ्चालन हुँदै आएको गोकुलधामले विगत तीन वर्षदेखि सडकमा वेवारिसे रूपमा छाडिएका गाई-वस्तु तथा वृद्ध, रोगी र अशक्त गाईहरूको उद्धार, आश्रय, उपचार, स्याहार तथा आहारको व्यवस्था गर्दै आएको उहाँले जनाउनु भयो । हाल गोकुलधाममा करिब ३ सय १५ वटा गाई, गोरु तथा बाच्छा-बाच्छी रहेका छन् । यहाँबाट दैनिक करिब ६० देखि ७० लिटर दूध उत्पादन हुँदै आएको गोकुलधामका संरक्षक तथा अध्यक्ष समेत रहनु भएको गौतमले बताउनु भयो।

करिब २ सय रोपनी क्षेत्रफलमा फैलिएको यस परियोजनाले गाईको गोबर र गहुँत प्रयोग गरी अर्गानिक मल, गड्यौला मल तथा जैविक खेतीको प्रक्रिया पनि सुरु गरेको उहाँले दाबी गर्नुभयो । गोकुलधाम स्थापना भएपछि कास्की जिल्लामा सडकमा छाडिएका गाई-वस्तुका कारण हुने दुर्घटना उल्लेख्य रूपमा घटेको आयोजकको दाबी छ । यसअघि हरेक वर्ष ४-५ जनासम्म मानिस सडक दुर्घटनामा ज्यान गुमाउने गरेको जिल्ला ट्राफिक कार्यालयको तथ्यांक रहेको भए पनि गोकुलधाम सञ्चालनपछि यस्ता घटनामा उल्लेख्य कमी आएको गौतमले दाबी गर्नुभयो।

पोखरा महानगरपालिकाले विगतमा भौतिक संरचना निर्माणका लागि वार्षिक ५० लाख रुपैयाँ सहयोग गर्दै आएको र चालु आर्थिक वर्षमा प्रदेश सरकारबाट एक करोड रुपैयाँ बजेट विनियोजन भएको जानकारी पनि उहाँले दिनुभयो । हालै खानेपानीको समस्या समाधान गर्न बोरिङ खनेपछि गोकुलधाममा पानीको अभाव हटेको छ।

आगामी दिनमा गोकुलधाम परिसरमा कृष्ण मन्दिर निर्माण, जडीबुटीका बिरुवा रोपण, योग-ध्यान साधना केन्द्र स्थापना, धार्मिक व्यक्तिहरूको बसोबासका लागि भवन निर्माण तथा प्रशासनिक कार्यालय व्यवस्थापन गर्ने योजना रहेको आयोजकले जनाएको छ। चगोकुलधामलाई गौमाताको संरक्षण मात्र नभई अध्ययन, अवलोकन तथा आध्यात्मिक गतिविधिको केन्द्रका रूपमा विकास गर्ने लक्ष्य राखिएको छ।

# 'पिएम कप' क्रिकेट गण्डकी छनोट: कास्की फाइनलमा

पोखरापत्र संवाददाता
पोखरा, १ चैत

पोखरामा जारी पिएम कप क्रिकेट गण्डकी प्रदेश छनोट प्रतियोगितामा घरेलु टोली कास्की फाइनलमा पुगेको छ। पोखरा रङ्गशालास्थित क्रिकेट मैदानमा आइतबार सम्पन्न खेलमा अर्जुन कुमालको शतकीय पारिको मद्दतमा तनहुँलाई १८७ रनले पराजित गर्दै कास्की उपाधि नजिक पुगेको हो।

टस जितेर पहिले ब्याटिङ रोजेको कास्कीले निर्धारित ४५ ओभरमा ६ विकेट गुमाएर २९५ रनको योगफल तयार गरेको थियो । कास्कीका लागि अर्जुन कुमालले ११८ बलमा १४ चौका र एक छक्काको मद्दतमा १०३ रनको शतकीय पारि खेले। मुस्कान थापाले ७७ बलमा ५९ रन बनाए भने सिब्रिन श्रेष्ठले ३२ बलमा ४३ रनको आक्रामक पारि खेले। कप्तान विपिन खत्रीले ११ बलमा दुई छक्का प्रहार गर्दै २१ रन जोडे।

बलिङतर्फ तनहुँका रमेश शाह र बिरु बादलले दुई/दुई विकेट तथा वंश क्षेत्री र समीर कँडेलले एक/एक विकेट लिए।

जितका लागि २९६ रनको लक्ष्य पछ्याएको तनहुँको टोलीले ३० ओभरमा १०८ रन मात्र बनाउन सक्यो । तनहुँका कप्तान समीर कँडेलले ७५ बलमा ६४ रन बनाए। त्यस्तै देव राईले २५ रन बनाए ।

बलिङतर्फ कास्कीका लागि कप्तान विपिन खत्री र विश्वास पराजुलीले तीन/तीन, कृष्ण पौडेलले दुई तथा सुभाष भण्डारीले एक विकेट लिए। प्रतियोगिताअन्तर्गत सोमबार दोस्रो सेमिफाइनल खेल स्याङ्जा र नवलपुरबीच हुने आयोजक प्रादेशिक क्रिकेट सङ्घ गण्डकीका अध्यक्ष सञ्जयकान्त सिग्देलले बताए । गत फागुन २७ गतेदेखि सुरु भएको प्रतियोगितामा कास्की, स्याङ्जा, बागलुङ, तनहुँ, नवलपुर र पर्वतले सहभागिता जनाएका छन्। प्रतियोगितामा प्रदर्शनका आधारमा उत्कृष्ट २४ खेलाडी छनोट गरी बन्द प्रशिक्षण सञ्चालन गरिने आयोजकले जनाएको छ।

# घूस लिएको ...

केसीसमेत सञ्चालक रहेको पर्यटन व्यवसायसँग सम्बन्धित संस्थाको कर्जा भुक्तानीमा समेत प्रयोग भएको पाइएको छ। आयोगका अनुसार 'द कुटी रिसोर्ट' नामक परियोजनासँग सम्बन्धित कर्जा तिर्न घूसबाट प्राप्त रकम प्रयोग गरिएको प्रमाण भेटिएको हो। आयोगले यो प्रकरणमा संलग्न व्यक्तिहरूबीच आपसी सल्लाह र मिलेमतोमा घूस रकमलाई विभिन्न बैङ्क खातामा जम्मा गरी त्यसलाई क्रमशः अन्य आर्थिक कारोबारमार्फत वैध देखाउने प्रयास गरिएको निष्कर्ष निकालेको छ । यस्तो कार्यले भ्रष्टाचारसँगै सम्पत्ति शुद्धिकरणसम्बन्धी कसुरसमेत आकर्षित हुने देखिएको आयोगले जनाएको छ।

"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४३११९०६, ९८१३६७७७०६
छाला तथा यौन रोगहरूका लागि
महिलाहरूमा : निसन्तानपन, सेतोपानी बग्ने, योनी चिलाउने, महिनावारीमा गडबडी आदी
पुरुषहरूमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदी
डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते
पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरूको सफल उपचारको लागि
डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार
जस्तोसुकै (पुरानो/नयाँ) रोगहरूको विशेष आयुर्वेद उपचारको लागि
डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन
उपचार गर्ने रोगहरू :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध सम्पादक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रण: हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

आफुले कमाउनु भन्दा कम खर्च गर्ने गर ।

– पल क्लिथेरोई

**सम्पादकीय**

# प्रतिनिधिसभामा महिला प्रतिनिधित्व सुनिश्चित

हालै सम्पन्न प्रतिनिधि सभा निर्वाचनमा प्रत्यक्षतर्फको निर्वाचन नतिजा आइसकेको छ । समानुपातिकतर्फको प्रतिनिधित्वका निम्ति सिट सुनिश्चित भई निर्वाचन आयोगमा नाम पठाएका छन । निर्वाचन आयोगका अनुसार समानुपातिकतर्फ कुल ११० सिटमध्ये सबैभन्दा धेरै सिट राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले पाएको छ । रास्वपाको भागमा ५७ सिट परेको छ । नेपाली कांग्रेसले २० सिट पाएको छ भने संसद्मा तेस्रो ठुलो दल बनेको नेकपा (एमाले) ले १६ सिट पाएको छ ।

अघिल्लो संसदीय निर्वाचन २०७९ को तुलनामा स्थापित दल कांग्रेस र एमाले मत घटेसँगै समानुपातिक सिट पनि व्यापक घटेको छ । यो पटक रास्वपालाई बलियो जनमत प्राप्त भएको छ । समानुपातिक मतसमेत उच्च भएका कारण प्रतिनिधित्व उच्च छ । प्रचण्ड नेतृत्वको नेपाली कम्युनिस्ट पार्टीले समानुपातिकतर्फ नौ सिट पाएको छ । त्यस्तै चार महिनाअघि मात्रै खुलेको श्रम संस्कृति पार्टीले चार सिट पाएको छ भने राजतन्त्र समर्थक राष्ट्रिय प्रजातन्त्र पार्टीले चार सिट पाएको छ । निर्वाचनमा कुल सदर मतस८्याका आधारमा प्रचलित निर्वाचन कानुनबमोजिम तोकिएको 'थ्रेस होल्ड' अर्थात् तीन प्रतिशत पार गरेका दलले मात्र समानुपातिक प्रतिनिधित्वमा समावेश हुन पाएका छन् । यो पटकको प्रतिनिधि सभा निर्वाचनमा छ वटा राजनीतिक दलले मात्रै 'थ्रेस होल्ड' पार गरेकाले त्यसभन्दा कम मत पाउने दलले समानुपातिक प्रतिनिधित्वमा समावेश हुन पाउने छैनन् ।

समानुपातिकतर्फको ५७ सिट र प्रत्यक्षतर्फका १२५ सिट जोड्दा रास्वपाको १८२ सिट संख्या प्राप्त गरेको छ । यो नेपालको संसदीय इतिहासमै ऐतिहासिक जनविश्वास मात्र नभई दुई तिहाइ नजिकको प्रतिनिधित्वसमेत हो । प्रत्यक्ष र समानुपातिक सांसदको समेत गणना गर्दा नेपाली कांग्रेस र नेकपा (एमाले) संसद्मा क्रमशः ३८ तथा २५ सिट प्राप्त भई दोस्रो र तेस्रो ठुलो दल बनेका छन् । समानुपातिकसमेका आधारमा नेपाली कम्युनिस्ट पार्टी १७ सिट पाई चौथो ठुलो दल बनेको छ । सात सिटसहित श्रम संस्कृति पार्टी पाँचौँ र पाँच स्थानसहित राष्ट्रिय प्रजातन्त्र पार्टी छैटौँ ठुलो दल बनेको छ ।

आर्थिक र सामाजिक रूपले पछाडि परेका समुदायलाई समानुपातिक समावेशी सिद्धान्तका आधारमा राज्यका विधायिकामा सहभागिता सुनिश्चित गर्ने यो प्रभावकारी निर्वाचन प्रणाली भए पनि यसको अभ्यास विगतमा भने सन्तोषजनक हुन सकेनन् । राजनीतिक दलका नेताका परिवारका सदस्य, आफन्त र कतिपय अवस्थामा त पद नै पैसामा बिकेको भन्नेसम्मका चर्चा हुने गरेका थिए । कानुनले आदिवासी जनजाति, खसआर्य, थारू, दलित, मधेशी र मुस्लिमलगायतका लागि निश्चित प्रतिशत निर्धारण गरेको छ । यस प्रणालीकै कारण संसद्मा समानुपातिक प्रतिनिधित्व हुने गरेको छ ।  यसपटक सबै दलबाट महिला प्रतिनिधित्व बढाएका छन।समानुपातिकबाट सबैभन्दा धेरै रास्वपाले ४८ जना पठाएको छाकाङ्गेसले १५ जना, नेकपा एमालेले १० जना, नेकपाले ४ जना, श्रम संस्कृति पार्टीले ३जना र राप्रपाले २ जना महिला सिफारिस गरेको छाप्रत्यक्ष निर्वाचित १४ जना महिला छनाप्रतिनिधिसभामा महिलाको ३५ प्रतिशत पुगेको छ ।  संघीय विधायिकामा ३३ प्रतिशत भन्दा बढी  सुनिश्चित भएको छ ।

समानुपातिक निर्वाचन प्रणाली नेपालको विशिष्ट सामाजिक-राजनीतिक संरचनाका लागि एक अनिवार्य आवश्यकता हो । यसमा भएका कमीकमजोरीलाई असल अभ्यासले सुधार गर्दै जानु पर्छ । समानुपातिक प्रतिनिधित्वलाई दलको शक्तिशाली पात्र तथा पहुँच भएकाको स्वार्थपूर्ति गर्ने कार्यमा दुरुपयोग हुनु राम्रो होइन । प्रणालीको दुरुपयोगले विकृति बढाउने  र व्यवस्थाप्रति नै निराशा बढ्न सक्छ । वास्तविक प्रतिनिधित्वले मात्रै लोकतान्त्रिक अभ्यासलाई बलियो बनाउँछ । लोकतान्त्रिक मूल्य र मान्यतालाई संरक्षण र संवर्धन हुन्छ । समानुपातिक प्रतिनिधित्व संविधानको मर्म र  हाम्रो समाज प्रतिविम्बित होस भनेर ख्याल पुऱ्याउनुपर्छ । तब लोकतान्त्रिक प्रणाली बलियो हुन्छ । दलप्रति जनविश्वास बढ्छ । पुराना दलप्रति जनताको अविश्वास जसरी बढेको छ त्यसलाई सुधार्न दलहरुमा व्यापक सुधार आवश्यक छ ।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : शारीरिक झमेला | तुला | : आर्थिक समस्या |
| वृष | : मानसिक तनाब | वृश्चिक | : शत्रुको भय |
| मिथुन | : ब्यापारमा लाभ | धनु | : सहयोग मिल्नेछ |
| कर्कट | : झमेला बड्ने | मकर | : कार्यमा सफलता |
| सिंह | : शुभ यात्रा | कुम्भ | : सत्कार मिल्नेछ |
| कन्या | : स्वास्थ्यमा सुधार | मीन | : अप्रत्यसित लाभ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# स्याङ्जामा विश्व उपभोक्ता अधिकार दिवस




**पोखरापत्र संवाददाता**
पोखरा, १ चैत

विश्व उपभोक्ता अधिकार दिवस आइतबार विभिन्न कार्यक्रम गरि विश्वभरि मनाइँदै छ । गण्डकी प्रदेश सरकार अन्तर्गतको एकीकृत सेवा कार्यालय स्याङ्जाको आयोजनामा आँधीखोला गाउँपालिका स्थित प्रधुम्न पनेरु माविमा सम्पन्न कार्यक्रममा उपभोक्ता, व्यापारी, विद्यार्थी र सरोकारवालहरुको उपस्थिति रहेको थियो ।

पञ्चेबाजा र सचेतनामूलक प्लेकार्ड सहित प्रभातफेरी कार्यक्रम पश्चात् भएको सचेतना तथा अभिमुखिकरण कार्यक्रममा बोल्दै आँधीखोला गाउँपालिका अध्यक्ष विश्वनाथ पौडेलले उपभोक्ताहरु आफ्नो अधिकार प्रति सचेत हुनुको साथै उद्योगी तथा व्यापारीले इमान्दारिता पूर्वक उपभोक्ताको हित हुने गरी व्यवसाय गर्नुपर्ने कुरामा जोड दिनु भयो । गाउँपालिका उपाध्यक्ष सिता थापाले आफैले उत्पादन गरेका रैथाने बालीलाई खाद्यन्नको रुपमा प्रयोग गर्नुपर्ने कुरामा जोड दिँदै सबैको सहकार्यबाट नै उपभोक्ताको अधिकार संरक्षण गर्न सकिने कुरा बताउनु भयो ।

सहायक प्रमुख जिल्ला अधिकारी प्रेम सुवेदीले उपभोक्ताको अधिकार संरक्षण गर्न नियमित बजार अनुगमन गरिएको बताउनु भयो । उहाँले कानून विपरीत काम गर्ने , कलोबजारी गर्ने, क्रितिम अभाव सिर्जना गर्ने, गुणस्तर नभएको खाद्यन्न उत्पादन र वितरण गर्ने जोकोहीलाई पनि कानून बमोजिम कारबाही गरिने बताउनु भयो । स्याङ्जा जिल्लाका प्रहरी प्रमुख दधिराम न्यौपानेलले सबै उपभोक्ताहरुमा सचेतनाको साथै कानून विपरीत उपभोक्तालाई असर पुग्ने कार्य भएमा प्रहरी र सम्बन्धित निकायमा उजुरी दिएर स्वच्छ व्यवसायिक वातावरण गर्नुपर्ने कुरामा जोड दिनु भयो ।

उपभोक्ता मञ्च स्याङ्जाका अध्यक्ष राजेन्द्र मरासिनीले उपभोक्ताहरु आफूले प्रयोग गर्ने सामानहरुको गुणस्तर, मूल्यको बारेमा सचेत हुनु पर्ने बताउनुभयो । एकिकृत सेवा कार्यालय स्याङ्जाका प्रमुख जीवन पौडेलले आफ्नो उपभोग्य अधिकार सुनिश्चित गर्न सर्वप्रथम स्वयं जागरुक हुनुपर्ने भन्दै उहाँले  सेवा दिने निकाय, उद्यमी, व्यवसायीलगायत सबै सरोकारवालाले उपभोक्ताको अधिकारको संरक्षण र सम्मान हुने गरी काम गर्न आग्रह गर्नु भएको छ । कार्यक्रममा विद्यार्थीहरुले विभिन्न साहित्यिक सिर्जना मार्फत् उपभोक्ताको अधिकारबारे आफ्नो प्रस्तुती राख्नु भएको थियो ।

गायन, नृत्य सहित कविता प्रस्तुत गरेका विद्यार्थीहरुलाई प्रमाणपत्र र नगद पुरस्कार प्रदान गरिएको थियो ।

यसैबीच कार्यक्रममा उपभोक्ताको हक, हित र सुरक्षाको लागि लामो समयदेखी योगदान दिनुभएको भन्दै उपभोक्ता मञ्च जिल्ला अध्यक्ष राजेन्द्र मरासिनीलाई सम्मानपत्रद्धारा सम्मान गरिएको छ ।

कार्यक्रम कार्यालयका प्रमुख जीवन पौडेलको अध्यक्षतामा सम्पन्न भएको थियो भने सञ्चालन कम्प्युटर अपरेटर कृष्ण लम्सालले गर्नु भएको थियो । हरेक वर्ष मार्च १५ लाई विश्व उपभोक्ता अधिकार दिवको रुपमा मनाउने गरिन्छ । सन् १९६२ मा आजकै दिन अमेरिकाका राष्ट्रपति जोन अफ केनेडीले उपभोक्ता अधिकारको बारेमा अमेरिकी काँग्रेसको सभामा बोलेको दिनको सम्झनामा यो दिवस मनाउँदै आइएको छ ।

# श्रम संस्कृति पार्टीले पेस गऱ्यो समानुपातिकतर्फको सूची

**रासस**
काठमाडौं, १ चैत

श्रम संस्कृति पार्टीले समानुपातिकतर्फ क्लष्टरअनुसार निर्वाचित चार जनाको नाम निर्वाचन आयोगमा पेस गरेको छ ।

गत फागुन २१ गते सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचनमा थ्रेसहोल्ड (तीन प्रतिशत मत) पार गरेको श्रम संस्कृति पार्टीले मधेसी महिला रुवीकुमारी ठाकुर, दलित महिला राधिका रम्तेल, खस आर्य महिला अम्बिकादेवी सङ्ग्रौला खड्का र आदिवासी जनजातितर्फ पूर्णप्रसाद लिम्बू निर्वाचित भएको सूची आयोगमा पेस गरेको पार्टीका उपाध्यक्ष लोकनाथ चुडालले राससलाई जानकारी दिनुभयो । गत कात्तिक १६ गते आयोगमा दर्ता भएको दलले चार महिनामा २२ जिल्लामा सङ्गठन विस्तार गरी प्रत्यक्षतर्फ तीन र समानुपातिकतर्फ चार जना निर्वाचित गर्न सफल भएको उहाँले बताउनुभयो । निर्वाचनमा थ्रेसहोल्ड पार गरेका राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा), नेपाली कांग्रेस, नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी लेनिवादी), नेपाली कम्युनिष्ट पार्टी (नेकपा), श्रम संस्कृति पार्टी र राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)ले आइतबार क्लष्टर मिल्ने गरी निर्वाचित उम्मेदवारको नाम पेस गरेका छन् । आयोगले गत फागुन २८ गते नै आजसम्म क्लष्टर मिलाएर पेस गर्न पत्राचार गरेको थियो ।


## विमालेख हरायो

यहि मिति २०८२/१०/२५ गते स्याङजाबाट पोखरा जाने क्रममा सानिमा रिलायन्स लाइफ इन्स्योरेन्स कं.को निम्न लिखित विवरणको विमालेख हराएको हुँदा फेला पार्नुहुने महानुभावले सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु ।

नामः सुदर्शन गुरुङ
विमालेख नं. ४०१०००००१४०६
ठेगानाः पोखरा–८, कास्की
सम्पर्क नं.
९८१५१०२०१३, ०६१५५३६५२


# टेम्पल ट्री रिसोर्ट १६ औं वर्षमा प्रवेश

**पोखरापत्र संवाददाता**
पोखरा, १ चैत



पोखरा–६ बैदामस्थित टेम्पल ट्री रिसोर्ट प्रा.लि. स्थापनाको १५ वर्ष पूरा गरी १६ औं वर्षमा प्रवेश गरेको छ । रिसोर्जले यस अवसरमा विभिन्न सामाजिक कार्य गर्दै वार्षिक उत्सव मनायो ।

आइतबार बिहान लेकसाइडको स्ट्रिट नम्बर ६ वरपर सरसफाई तथा डष्टविन वितरण गरेको थियो । त्यसैगरी मानव सेवा आश्रम, हेम्जामा खाद्य सामग्री वितरण गरेको थियो । दिवसका अवसरमा आइतबार टेम्पल ट्री प्रा.लि. परिसरमै एक समारोहको आयोजना गरियो । समारोहमा रिसोर्टमा कार्यरत उत्कृष्ट कर्मचारी सम्मान तथा आपसमा शुभकामना आदान-प्रदान गरियो । रिसोर्टमा लगातार १५ वर्षसम्म काम गर्दै आएका ऋषिराज गिरीलाई दीर्घसेवा कर्मचारीको सम्मान प्रदान गरियो । त्यसैगरी १० वर्ष देखि निरन्तर रुपमा काम गर्दै आएका रमेश गुरुङ तथा यो वर्षको सर्वोत्कृष्ट कर्मचारीको रुपमा युरोज श्रेष्ठलाई पनि सोही समारोहमै सम्मान गरियो । समारोहमा रिसोर्टका निर्देशक बिमल नहर्की, निर्देशक रन्जन कृष्ण कायस्थको पनि सहभागिता रहेको थियो ।

समारोहमा बोल्दै रिसोर्टका अध्यक्ष बसन्त गौतमले टेम्पल ट्री स्थापनाकालदेखि हालसम्मका सङ्घर्ष तथा सफलताका क्षणहरू स्मरण गर्नुभयो । नेपालको पर्यटन उद्योगमा विगत केही वर्ष यता विभिन्न खालका आरोह अवरोह आइरहेको बताउँदै यतिबेला पनि अन्तर ाष्ट्रिय युद्धका कारण पर्यटन क्षेत्रमा फेरि समस्या आउन सक्ने उहाँले बताउनुभयो । यो बेला उपलब्ध पर्यटकहरूलाई उत्कृष्ट सेवा दिँदै उहाँहरूको मन जित्नुपर्ने गौतमको भनाई थियो ।

समारोहमा बोल्दै रिसोर्टका निर्देशक प्रेमकृष्ण श्रेष्ठले रिसोर्टमा कार्यरत दक्ष तथा इमान्दार, लगनशील कर्मचारीकै कारण टेम्पल ट्री आज पोखराको प्रतिष्ठित रिसोर्टका रुपमा स्थापित हुन सफल भएको औल्याउनु भयो । सफलताको पछाडि रिसोर्टका साझेदारहरुको धैर्यता तथा व्याकबोण्डका रूपमा रहेका कर्मचारी भएको उहाँको भनाइ थियो ।

समारोहमा रिसोर्टका अपरेसन म्यानेजर सुमित भण्डारीले स्वागत मन्तव्य तथा एच.आर. म्यानेजर रामकृष्ण कडेलले कार्यक्रम सञ्चालन गर्नुभएको थियो । समारोहमा रिसोर्टमा कार्यरत कर्मचारीहरूले विभिन्न मनोरञ्जनात्मक सांस्कृतिक कार्यक्रम प्रस्तुत गरेका थिए ।


## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. २७, वडा कार्यालय अगाडिको अधुरो जाने बाटो निर्माण गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ ।

योजनाको नामः वडा कार्यालय अगाडिको अधुरो जाने बाटो
ठेगानाः पोखरा–२७
योजना सम्झौता मिति : २०८२/१०/१३ गते
योजना सुरु मितिः २०८२/१०/१४ गते
योजना सम्पन्न हुने मितिः २०८३/०१/०१ गते
योजना सम्पन्न भएको मितिः २०८२/११/०१ गते
योजनाको कुल लागतः रु. ५,५५,५५५।-
महानगरपालिकाबाटः रु. ५,००,०००।-
जनसहभागिताबाटः रु. ५५,५५५।-
उपभोक्ता समिति अध्यक्षः तिलक प्रसाद अधिकारी
सम्पर्क नं.: ९८१६६६६३२७
उपभोक्ता समिति सदस्यः ७ जना महिलाः ४  पुरुषः ३ जना

**वडा कार्यालय अगाडिको अधुरो जाने बाटो निर्माण उपभोक्ता समिति पोखरा-२७**

## आमाघर पाठशाला

पोखरा–२२, पुम्दी भुम्दी, कास्की

### छात्रवृत्ति सम्बन्धी सूचना

सभ्यता र संस्कृतिको जगेर्ना गर्दै प्रतिस्प्रधात्मक युगको माग अनुसार चरित्रवान र सक्षम नागरिक उत्पादन गर्ने अभिप्रायले बालबालिकाहरुलाई गुणस्तरीय शिक्षा दिलाउने विशुद्ध सेवामुलक उद्देश्यले स्थापित यस आमाघर पाठशाला आधारभूत विद्यालयले शैक्षिक सत्र २०८३ का लागि खेल कक्षा देखि कक्षा ८ सम्म सम्पूर्ण कक्षाहरुका लागि केही संख्यामा छात्रवृत्तिको आवेदन फारम माग गरिएको छ । यसका लागि **आमाघर पाठशाला आधारभूत विद्यालयमा पायक पर्ने स्थानमा बसोवास गर्ने अति गरिब, बाबा आमा विहिन असहाय, घरबार विहिन, कुनै आय आर्जनको स्रोत नभएका** अभिभावकहरुका बालबालिकाहरुको लागि तपसिलमा उल्लेखित शर्तको अधिनमा रहि निवेदन आव्हान गरिएको छ ।

**तपसिल**

१. छात्रवृत्ति आवेदन फारम मिति २०८२/१२/०२ गतेदेखि १६ गतेसम्म विद्यालयबाट वितरण गरिएको छ ।
२. विद्यालयमा छात्रवृत्तिको निवेदन गर्न आउँदा बाबा र आमा दुवैको नागरिकताको प्रतिलिपि तथा विद्यार्थीको जन्मदर्ता प्रतिलिपि र फोटो समावेश गर्नुपर्ने छ ।
३. आमाघर पाठशालामा हाल छात्रवृत्तिमा अध्ययन गरिरहेका विद्यार्थीहरुको हकमा पनि माथि उल्लेखित नयाँ प्रक्रिया अनुसार नै आउनुपर्नेछ । अन्यथा विद्यालयले छात्रवृत्ति दिन वाध्य हुनेछैन ।
४. खेल कक्षादेखि कक्षा १ सम्म अध्ययन गर्ने विद्यार्थीहरुका लागि अन्तवार्ताद्वारा मात्र छात्रवृत्ति छनोट गरिने छ ।
५. नयाँ विद्यार्थीको हकमा कक्षा २ देखि ८ सम्म अध्ययन गर्ने विद्यार्थीहरुका लागि लिखित तथा अन्तरवार्ता बाट मात्र विद्यार्थी छनोट गरिने छ ।
६. आवेदन पेश गर्दा विद्यालयले उपलव्ध गराएको फारमले मागेका विषयहरुका साथै आयआर्जन, सम्पत्तिका स्रोत समेत चुस्त दुरुस्त उल्लेख हुने प्रमाण पेश गर्नुपर्ने छ ।
७. जुन वर्ग तथा छनोट प्रकृयाबाट छात्रवृत्तिमा आवेदन गरिएको हो सोको उल्लेखित वर्ग प्रस्ट खुल्ने प्रमाण समेत पेश गर्नु पर्नेछ ।
८. आंशिक छात्रवृत्तिमा पनि केही विद्यार्थीलाई सुविधा दिइने हुँदा आम्दानीको स्रोत खुलाई ५०% सम्म छुटमा पनि आवेदन गर्न पाइने व्यवस्था गरिएको छ ।
९. छात्रवृत्ति प्रवेश परीक्षा दिनुपर्नेहरुका लागि २०८२/१२/१६ गते पश्चात सम्बन्धित व्यक्तिलाई जानकारी गराइने छ ।
१०. छात्रवृत्ति सम्बन्धी निर्णय गर्ने अधिकार विद्यालयमा नै निहित हुने छ ।
११. सार्वजनिक विदाको दिन बाहेक अन्य दिन विद्यालय खुल्ला रहने छ ।

नोटः माथि उल्लेखित सम्पूर्ण कक्षाहरुमा शुल्क तिरेर अध्ययन गर्न चाहने विद्यार्थीका लागि शैक्षिक सत्र २०८३ को सुरुवातमै विद्यालयमा आवेदन फारम उपलब्ध गराईने छ ।

***फारम पाइने स्थानः***

**आमाघर पाठशाला**
**समयः** बिहान ११:३० बजेदेखि २:३० बजेसम्म
**सर्म्पक नम्बर :** ९८४६४५०४५०
**इमेलः** aamaghar68@gmail.com

# पोखरामा गुरुङ कथानक चलचित्र सौँबेँ म्रु (मनको राजा) प्रिमियर शो

पोखरापत्र संवाददाता
पोखरा, १ चैत

ब्रेज मेश्रो फिल्म प्रोडक्सन घान्द्रुकको ब्यानरमा लामा अमृत फाउण्डेशन घान्द्रुकद्धारा निर्मित गुरुङ कथानक चलचित्र सौँबेँ म्रु 'मनको राजा' को पोखरामा भिआइपी (प्रिमियर शो) प्रदर्शन गरिएको छ।

सोम गुरुङको निर्देशनमा तयार भएको चलचित्र सौँबेँ म्रु 'मनको राजा' पोखराको मिडटाउन फिल्म हलमा भिआइपी (प्रिमियर) शो गरिएको हो।

प्रिमियर शोमा बोल्दै कास्कीको अन्नपूर्ण गाउँपालिकाका अध्यक्ष विष्णु बहादुर केसीले चलचित्र प्रदर्शनपछि घान्द्रुकको पर्यटन प्रवर्द्धनमा थप मद्धत पुग्ने विश्वास रहेको बताए । 'घान्द्रुकको आसपास क्षेत्रमा निर्माण गरिएको चलचित्र मनको राजा सबैको राजा बन्छ भन्ने विश्वास लिएको छु, यस चलचित्र प्रदर्शनपछि घान्द्रुकको पर्यटन प्रवर्द्धनमा थप सहयोग पुग्ने अपेक्षा समेत लिएको छु', अध्यक्ष केसीले भने। चलचित्रका निर्माता एवम् नायक लामा अमृत गुरुङले चलचित्रको माध्यमबाट घान्द्रुकको पर्यटन प्रवर्द्धन गर्न ब्रेज मेश्रो फिल्म प्रोडक्सन घान्द्रुकको ब्यानरमा चलचित्र, म्युजिक भिडियो, डकुमेट्री तयार गरिरहेको बताए । 'घान्द्रुकको पवित्र मन्दिर सबैले पुज्दै आएको ब्रेज मेश्रम बराह, उक्त नामा विभिन्न व्यक्तिहरु मिलेर




हामीले फिल्म प्रोडक्सन हाउस स्थापना गरेका छौं', चलचित्र निर्माता गुरुङले भने, 'घान्द्रुक आफैमा पर्यटकीय क्षेत्र हो, हामीले चलचित्रको माध्यमबाट यसलाई अझै विकास गर्न ब्रेज मेश्रो फिल्म प्रोडक्सन घान्द्रुकको ब्यानरमा चलचित्र, म्युजिक भिडियो, डकुमेट्री निर्माण गरिरहेको छौं ।' आइतबार भिआइपी (प्रिमियर) शो गरिएको सैंबें म्रु (मनको राजा) चलचित्र चैत ६ र ७ गते श्री कृष्ण चलचित्र हलमा प्रदर्शन हुने चलचित्रका निर्माता तथा नायक गुरुङले जानकारी दिए। प्रिमियर शोको अवसरमा चलचित्र निर्माणमा सहयोग पुऱ्याउने व्यक्तित्वहरुलाई सम्मान समेत गरिएको थियो । चलचित्रमा निर्माता तथा नायक अमृत गुरुङ, लक्ष्मी गुरुङ, सुरज तमु र प्रिति गुरुङ ले प्रमुख भूमिका निर्वाह गरेका छन् । त्यसैगरी कुल बहादुर गुरुङ, मञ्जु गुरुङ, निशु गुरुङ, रविता गुरुङ, बिनु गुरुङ, स्नेहा गुरुङ, लालशोभा गुरुङ,मिना गुरुङ, मौसम गुरुङ र ओम गुरुङले अभिनय गरेका छन्। प्राविधिक पक्षतर्फ निकोलस गुरुङले छायांकन र सम्पादनको जिम्मेवारी सम्हालेका छन् भने उनलाई सह-छायाकारका रुपमा करण भण्डारीले साथ दिएका छन् । कलाकारको मेकअप भीमसेन गुरुङ (आशिष)ले गरेका हुन् । संगीत र गायनको धन बहादुर गुरुङ (लमजुङ) र सन्तोष बस्यालले शब्द, संगीत र स्वर दिएका छन् भने अमेरिकामा रहेकी ज्योति गुरुङले पनि स्वर भरेकी छन्। चलचित्रको अडियो पक्षलाई बुद्धराज बज्राचार्यले बार डिजिटल स्टुडियोमा मिक्सिङ गरेका हुन् भने रेकर्डिङ बज्रपादी कला स्टुडियोमा गरिएको हो । नृत्य निर्देशन साजन गुरुङ र सह-नृत्य निर्देशन रोहित गुरुङले गरेका छन् । लाइनअप स्टुडियोमा पोष्ट प्रोडक्सन गरिएको यो चलचित्रको उत्पादन व्यवस्थापन विकास क्रोम्छेले गरेका हुन्।

# धार्मिक महत्वको लुङबुक गुफा

पोखरापत्र संवाददाता
मुस्ताङ, १ चैत

यहाँस्थित वारागुङ मुक्तिक्षेत्र-५ फल्याक र धाकार्रजुङ गाउँमाथिको उच्च लेकमा एक विशाल चट्टानरुपी पहाड छ । त्यही पहाडको तल्लो भागमा एक गुफा छ। यही गुफाको नाम हो- लुङबुक गुफा।

अहिले यस गुफाको करिब ७० प्रतिशत भाग पूरै हिउँले ढाकिएको छ । बर्खायाममा सामान्य देखिने लुङबुक गुफाको स्वरुप हिउँदयाममा पूरै स्वरुप परिवर्तन हुन्छ । अक्सर यो लुङबुक गुफा बर्सेनि मङ्सिरदेखि चैत महिनासम्म हिउँको घुम्टोभित्र लुकेको हुन्छ । अझै भनौ पुस र माघमा गुफा अवलोकन गर्न जाने हो भने लुङबुक गुफाको सबै भागलाई हिउँले ढाकिदिएको हुन्छ।

ऐतिहासिक तथा धार्मिक सम्पदाले भरिएको लुङबुक गुफालाई पुस र माघमा विशाल पहाडको उचाइबाट फेदैसम्म सेताम्मे हिउँको बरफका ढिस्का ढिस्काले छपक्कै ढाकिएको हुन्छ । तर, जाडोयाममा यहाँ खासै कोही नजाने हुनाले गुफाको वास्तविक स्वरुप र हिउँदयामको मौसममा गुफाको प्राकृतिक सौन्दर्यताबाट धेरैजसो पर्यटक बेखबरजस्तै हुने गर्छन् । लुङबुक गुफा पन्ध्रौं शताब्दीमा गुरु रिन्पोछे अर्थात् पद्मसम्भवले ध्यान साधना गरेको धार्मिकस्थलका रूपमा लिने गरिन्छ । गुरु पद्मसम्भव त्यसबेला तिब्बत जाने क्रममा यहाँ अवस्थित लुङबुक गुफामा बसेर ध्यान साधना गरेको भन्ने धार्मिक किंवदन्ती रहेको वारागुङ मुक्तिक्षेत्र-५ का वडाध्यक्ष सुरेन्द्र गुरुङले जानकारी दिनुभयो। उहाँले पद्मसम्भवले ध्यान साधना गरेको स्थान लुङबुक गुफालाई यहाँको फल्याक र धाकार्रजुङ गाउँका स्थानीयले साझा धार्मिकस्थलका रूपमा लिने गरेको बताउनुभयो।

हिउँदयाममा पूरै हिउँको घुम्टोभित्र लुक्ने लुङबुक अवलोकनका लागि पछिल्लो समय पर्यटक त्यहाँ पुग्ने गरेको पाइएको छ। बर्खायामभन्दा हिउँदयाममा हिउँले ढाकिएको गुफाको सौन्दर्य नियाल्न पर्यटक त्यहाँ पुग्ने गरेका पाइएको छ । लुङबुक गुफाको दर्शन गर्ने र हिउँले ढाकिएको गुफाको प्रोफाइल राख्न फोटो खिच्ने उद्देश्यले पनि हिउँदयाममा पर्यटक केही बढी जाने गरेको वडाध्यक्ष गुरुङको भनाइ छ। हिउँदयाममा हिउँले ढाकिने लुङबुक गुफा गर्मीयाममा विस्तारै पग्लिएर सामान्य स्वरुपमा रहने वडाध्यक्ष गुरुङको भनाइ छ । लुङबुक गुफाभित्र सानो चट्टान प्वालबाट मुन्टो निहुराएर मुस्किलले प्रवेश गर्न सकिन्छ । हिउँदयाममा हिउँ



जमेर बस्ने भएकाले गुफाभित्र पस्न सकिँदैन। हिउँको बरफ पग्लिने समय चैत-वैशाखदेखि कात्तिकसम्म गुफा प्रवेश गर्न सकिन्छ। स्याङ्जाका पर्यटक नारायण पौडेलले लुङबुक गुफाको दर्शन र हिउँले ढाकिएको गुफाको प्राकृतिक सौन्दयैताले मोहित तुल्याएको बताउनुभयो । बुद्ध धर्म र पद्मसम्भवसँग जोडिएको हुनाले गुफाको धार्मिक महत्व अधिक रहेको र यसको प्रचारप्रसार गर्नसके पर्यटन प्रवर्द्धनमा थप योगदान पुग्ने बताउनुभयो । लुङबुक गुफालाई बुद्ध धर्मअन्तर्गत निङमापा धर्म सम्प्रदायसँग जोडिएको बताइन्छ । गुफामा पुगेर धार्मिक अनुष्ठान गरेमा मोक्ष प्राप्ति हुने भएकाले स्थानीय नागरिकमा ठूलो आस्था र विश्वास छ । गुफाभित्र आश्चार्यचकित लाग्ने प्राकृतिक रूपले निर्मित धार्मिक सम्पदा जीवन्त छ । गुफाभित्र पद्मसम्भवका ससाना प्रतिमा देख्न सकिन्छ। सन्तान नभएकाले सन्तान प्राप्तिका लागि गुफाभित्र दर्शन गरेमा सन्तान प्राप्ति हुने धार्मिक जनविश्वास छ।

जोमसोमका स्थानीय पवन गुरुङले लुङबुक गुफा एकपटक दर्शन गर्नैपर्ने धार्मिक गन्तव्य रहेको बताउनुभयो । सेताम्मे हिउँले ढाकिएको गुफामा पुग्दा गौरवान्वित महसुस भएको गुरुङले उल्लेख गर्नुभयो । जोमसोम-कोरला मुख्य राजमार्गदेखि २० मिनेटको सवारीसाधनको यात्रा र ४५ मिनेटको पैदलयात्रापछि लुङबुक गुफा पुग्न सकिन्छ । गुफाको रेखदेख तथा संरक्षणका साथै गुफामा पुग्ने भक्तजनलाई पकाएर खाने र बस्नेसमेत व्यवस्था फल्याक र धाकार्रजुङका गाउँ समाजले गरेको छ । गुफासम्म पुग्ने गोरेटो बाटो प्रधानमन्त्री स्वरोजगार कार्यक्रमअन्तर्गत वारागुङ मुक्तिक्षेत्र गाउँपालिकाले निर्माण गरेको छ।

# साभुङ-देउराली-केलादीघाटमार्ग : ठेक्का सम्झौता अन्त्य

पोखरापत्र संवाददाता
तनहुँ, १ चैत

तनहुँको घिरिङ गाउँपालिकाभित्र पर्ने साभुङ-देउराली-केलादीघाट (कृष्ण मोटर मार्ग) खण्डको स्तरोन्नति गर्न गरिएको ठेक्का सम्झौता अन्त्य गरिएको छ । गण्डकी प्रदेश सरकार मन्त्रिपरिषद्को गत फागुन १४ गतेको बैठकले ठेक्का तोड्ने निर्णय गरेको हो।

साविक जिल्ला विकास समिति तनहुँबाट राष्ट्रिय ग्रामीण यातायात सुदृढीकरण कार्यक्रमअन्तर्गत २५ किलोमिटर सडक स्तरोन्नति गर्न २०७३ साल वैशाख २३ गते सन्तोषी निर्माण सेवा प्रालि चितवनसँग सम्झौता भएको थियो । प्रदेश संरचना लागू भएपछि उक्त आयोजना पूर्वाधार विकास कार्यालय तनहुँमा हस्तान्तरण गरिएको थियो। तर अन्तिम बिल भुक्तानीसम्बन्धी विवादका कारण काम लामो समयदेखि अलपत्र रहँदै आएको थियो । सो विवादमा मध्यस्थ परिषद्ले गरेको निर्णय उच्च अदालतबाट सदर भइसकेको छ। विगत पाँच वर्षदेखि नेपाल मध्यस्थता परिषद्मार्फत उच्च अदालत पाटन ललितपुर हुँदै सर्वोच्च अदालतसम्म पुगेको उक्त मुद्दामा सर्वोच्च अदालतले हालै अन्तिम फैसला सुनाएको छ । घिरिङ गाउँपालिकाका अध्यक्ष होमबहादुर थापाले गाउँ कार्यपालिकाको निर्णयअनुसार सडक निर्माण रोकिँदा स्थानीय बासिन्दाको दैनिक आवागमनमा असर परेको, वैकल्पिक रूपमा अन्य निर्माण व्यवसायीमार्फत काम अघि बढाउन पनि सम्भव नभएको तथा सम्झौता कायम रहँदासम्म नयाँ काम सुरु गर्न नमिल्ने अवस्थाका कारण ठेक्का अन्त्य गर्नुपरेको जानकारी दिनुभयो।

अध्यक्ष थापाका अनुसार सम्झौता अन्त्य भएसँगै अन्य वैकल्पिक सडक आयोजनाहरू अघि बढाउने बाटो खुलेको छ। विशेषगरी गाईघाट-गल्याङ-कटहरे वैकल्पिक राजमार्गको मौसमी खण्डका लागि विनियोजित रु ४० करोडबराबरको आयोजनामा अब बोलपत्र आह्वान गर्न सकिने अवस्था बनेको छ । उहाँले भन्नुभयो, "यस निर्णयले लामो समयदेखि समस्यामा परेको सडक निर्माण प्रक्रिया पुनः अघि बढ्ने अपेक्षा गरिएको छ।"अदालतमा मुद्दाका कारण उक्त सडकका लागि आएको बजेट पनि पटकपटक 'फ्रिज' भएको थियो। उक्त सडकमध्ये देउरालीबाट मानपुरसम्म गण्डकी प्रदेश सरकारले, मानपुरबाट घिरिङ गाउँपालिकाको कार्यालय पोखरीछापसम्म ३.५ किलोमिटर सडक घिरिङ गाउँपालिकाको आन्तरिक बजेटबाट गत वर्ष कालोपत्र गरिएको थियो।

प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ तथा नियमावली, २०७९ बमोजिम ठेकेदार पक्षले करिब रु चार करोड २५ लाख २७ हजार ४१७ पैसा दाबी गरेको अवस्था रहेको जनाइएको छ।


## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. १५, रातीखहरे नाला निर्माण गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

योजनाको नामः राती खहरे नाला निर्माण
ठेगानाः पोखरा-१५, राती खहरे
योजना सम्झौता मिति : २०८२/०९/१३ गते
योजना सुरु हुने मितिः २०८२/०९/१४ गते
योजना सम्पन्न हुने मितिः २०८२/१२/३० गते
योजना सम्पन्न भएको मितिः २०८२/११/२० गते
योजनाको कुल लागतः रु. ५,५५,५५५।-
महानगरपालिकाबाटः रु. ५,००,०००।-
जनसहभागिताबाटः रु. ५५,५५५।-
उपभोक्ता समिति अध्यक्षः बुद्धि बहादुर बानिया
उपाध्यक्षः केश कुमार गुरुङ, सचिवः लक्ष्मण जि.सी. कोषाध्यक्षः तारा खत्री, सदस्यः दिपेन्द्र भुजेल, सरस्वती भुजेल र निर्मला खड्का अछामी अनुगमन समितिः आशिष भण्डारी वडा सदस्य-१५, खिमलाला बराल, जमुना भुजेल

**रातीखहरे नाला निर्माण उपभोक्ता समिति**
**पोखरा-१५**


# अपर ठूलोखोला जलविद्युत आयोजनाद्वारा उत्पादित विद्युत केन्द्रीय 'लाइन'मा जोडियो

सन्तोष गौतम
म्याग्दी, १ चैत

बाइस दशमलव पाँच मेगावाट क्षमताको 'अपर ठूलोखोला' जलविद्युत् आयोजनाबाट उत्पादन भएको विद्युत् केन्द्रीय लाइनमा जोडिएको छ।

रघुगङ्गा गाउँपालिका-७ मा ठूलोखोला हाइड्रोपावर लिमिटेडले निर्माण गरेको आयोजनाको भौतिक संरचना निर्माण, उपकरण जडान र आन्तरिक परीक्षण सकेर केन्द्रीय लाइनमा विद्युत् जोडिएको हो । आयोजनाका प्रमुख शिवसागर यादवले गत फागुन २९ गते साँझ ६:०० बजेदेखि परीक्षणका लागि केन्द्रीय लाइनमा पठाउन थालिएको जानकारी दिनुभयो । "नेपाल विद्युत् प्राधिकरणको प्राविधिक टोलीको उपस्थितिमा पाँच दिनसम्म गरिएको परीक्षण सफल भएपछि केन्द्रीय लाइनमा विद्युत् जोडिएको हो", उहाँले भन्नुभयो, "परीक्षण सफल भएपछि १५ दिनपछि व्यावसायिक उत्पादन सुरु हुन्छ।" हालको सुक्खायाममा १३.८६ मेगावाट विद्युत् उत्पादन भएको आयोजना प्रमुख यादवले बताउनुभयो । बाँध, विद्युत्गृह, पाइप लाइन, प्रसारण लाइन र



विद्युत्गृहका उपकरण जडानका साथै आन्तरिक परीक्षण सकेर परीक्षण उत्पादन थालिएको हो।

विसं २०८० मा उक्त आयोजना निर्माण सुरु भएको थियो । आयोजना निर्माणस्थल भौगोलिक रूपमा विकट र दुर्गम क्षेत्रमा अवस्थित छ। सुगुरथलामा बाँध, डिसेन्डर (पानी थिग्राउने पोखरी), दुई हजार ९०० मिटर मुख्य पाइप लाइन र ३०० मिटर सर्च साफ्ट पाइप लाइन जडान, फेदीमा विद्युत्गृह निर्माण भएको छ। दुईवटा युनिट (टर्वाइन) रहेको विद्युत्गृह परिसरमा स्वीचयार्ड निर्माण भएको इन्जिनियर सञ्जीव न्यौपानेले बताउनुभयो । यो आयोजना रन अफ द रिभर प्रकृतिको हो। फेदीदेखि बन्दीसम्म १४ वटा टावर बनाएर छ किलोमिटर लामो १३२ केभी क्षमताको प्रसारण लाइन निर्माण भएको छ। बन्दीदेखि ठूलोखोला र चिमखोलादेखि चिमखोला-मङ्गले-राहुघाटजलविद्युत्आयोजनासँग सहकार्य गरेर तिल्केनीचौर हुँदै २२० केभी क्षमताको दाना-खुर्कोट प्रसारण लाइनमार्फत आयोजनाको विद्युत् केन्द्रीय प्रणालीमा आबद्ध गराइएको छ । फेदीदेखि तिल्केनीचौरसम्म प्रसारण लाइनको दूरी २३.५ किलोमिटर छ । रु पाँच अर्ब १४ करोड लागत अनुमान गरिएको आयोजनामा सिटिजन्स, माछापुच्छ्रे र कृषि विकास बैंकले ७० प्रतिशत ऋण लगानी गरेका छन् । प्रवर्द्धकको १० प्रतिशत लगानी रहने आयोजनाको २० प्रतिशत लगानी सेयर जारी गरेर सर्वसाधारणमार्फत जुटाइनेछ।

बेनीदेखि आयोजना निर्माणस्थल जोड्ने सडक गत वैशाख-जेठमा स्तरोन्नतिका कारण र बर्खामा मलाङको पहिरोका कारण अवरुद्ध हुँदा विद्युत्गृह, प्रसारण लाइन र स्वीचयार्डका उपकरण ढुवानीमा समस्या भएको थियो । राहुघाट र सहायक नदीहरूमा यसअघि तीनवटा जलविद्युत् आयोजना निर्माण भइसकेका छन् । तुँदी पावरले प्रवर्द्धन गरेको ३५.५ मेगावाट क्षमताको चिमखोला-राहुघाट-मङ्गले र त्यसको क्यासकेडका रूपमा ४८.५ मेगावाट क्षमताको अपर राहुघाट जलविद्युत् आयोजना सञ्चालनमा आइसकेका छन् । राहुघाटको सहायक ठूलोखोलामा संयुक्त ऊर्जा लिमिटेडले निर्माण गरेको २१.३ मेगावाट क्षमताको ठूलोखोला जलविद्युत् आयोजनाले गत भदौदेखि व्यावसायिक उत्पादन थालेको थियो। नेपाल विद्युत् प्राधिकरणको सहायक कम्पनी रघुगङ्गा हाइड्रोपावर प्रवर्द्धक रहेको ४० मेगावाट क्षमताको राहुघाट जलविद्युत् आयोजना निर्माणको अन्तिम चरणमा पुगेको छ।

# रणनीतिक सडक निर्माणले गति लिन नसक्दा स्थानीय मारमा

पोखरापत्र संवाददाता
बागलुङ, १ चैत

बागलुङ-१ अन्तर्गतको रणनीतिक सडकले गति लिन सकेको छैन । साढे दुई दशक अगाडि मार्ग (ट्र्याक) खुलेको सडकको स्तरोन्नतिको काम ४० प्रतिशतमात्र सम्पन्न भएको छ।

विसं २०५७ मा अदालत चौपारीदेखि गौँडाकोट, तित्याङ हुँदै रायडाँडा जोड्न मार्ग खुलेको सडकको काम अहिलेसम्म आधा पनि पूरा हुन नसकेको हो। सिगाना-तित्याङको कमलडाँडाबाट मार्ग खुलेको सडक अहिले अदालत चौपारीदेखि गौँडाकोट, तित्याङ हुँदै भकुन्डे-रायडाँडा हुँदै बरेङ गुल्मीको शान्तिपुर जोडिएको छ।

विसं २०८० चैतमा दुई वर्षमा १५ किलोमिटर सडक कालोपत्र गर्नेगरी बिडारी/तुँदी निर्माण कम्पनीले जिम्मा पाएको थियो।

ग्रामीण सडक सञ्जाल सुधार आयोजनामार्फत एसियाली विकास बैंकको रु २८ करोड ऋण सहयोगमा यो सडक निर्माणको काम भइरहेको छ । समयमै सडक स्तरोन्नति नहुँदा हजारौँ यात्रुले सास्ती खेप्नुपरेको बागलुङ नगरपालिका-१० का पदमबहादुर थापाले गुनासो पोख्नुभयो। उहाँले भन्नुभयो, "बागलुङ बजार नजिकै रहेको भकुन्डे गाउँमा पुग्न डेढ घण्टा लाग्छ, सडकको दुरावस्थाका कारण वर्षौंदेखि यहाँका नागरिकले सास्ती खेप्नुपरेको छ, बर्खामा हिलो र हिउँदमा धुलोले हामी आजित भइसक्यौँ, यात्रा गर्दा पनि निकै जोखिमपूर्ण छ।" भकुन्डे हुँदै रायडाँडा जोड्ने सडको करिब ६ किलोमिटरमा मात्रै नालीको काम भइरहेको छ। बागलुङ नगरपालिकाको सबैभन्दा विकटको बस्ती रायडाँडालाई जोडेको उक्त सडकको कामले गति लिन नसक्दा यात्रा गर्न र सामान ढुवानीमा समस्या भोग्नुपरेको वडाध्यक्ष ज्ञानेन्द्र गौतमले बताउनुभयो । "गाउँमा बस्ने नागरिकलाई यो सडकका कारण ठूलो समस्या भएको छ। एक डेढ घण्टामा पुग्न सकिने ठाउँमा दुईतीन घण्टा लाग्छ, साँघुरो र अप्ठ्यारो हुँदा दुर्घटनाको जोखिम पनि उस्तै छ।"